**नेपाल सरकार**
संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय
पुरातत्व विभाग
**बोलपत्र आव्हानको सूचना**
प्रथम पटक प्रकाशित मिति : २०७३।०८।०६

१. भूकम्पबाट क्षतिग्रस्त सम्पदाहरुको पुनः निर्माण गर्न चालु आ.व. २०७३।०७४ को लागि नियमित र राष्ट्रिय पुनःनिर्माण प्राधिकरणबाट स्वीकृत वार्षिक कार्यक्रम अनुसार देहायका कार्यहरु सिलवन्दी वोलपत्र/ई-विडिङ्ग समेतबाट गर्नको लागि यो सूचना प्रकाशित गरिएकोले इच्छुक निर्माण व्यवसायीहरुबाट देहायका शर्तहरुको अधिनमा रही सिलवन्दी वोलपत्र/ई-विडिङ्ग आव्हान गरिएको छ ।

२. बोलपत्रको ग्राह्यता (इलिजिविलिटी) को आधार तथा त्यस्तो आधार प्रमाणित गर्न बोलपत्रदाताले बोलपत्र साथ देहायका कागजातहरु पेश गर्नु पर्नेछ ।
   क) फर्म, संस्था वा कम्पनी दर्ताको प्रमाणपत्रको प्रमाणीत प्रतिलिपि
   ख) मू.अ.क.दर्ता प्रमाणपत्र, प्यान (PAN) प्रमाणपत्रको प्रमाणीत प्रतिलिपि
   (ग) आ.व. २०७२।०७३ को कर चुक्ता प्रमाणपत्रको प्रमाणीत प्रतिलिपि ।
   (घ) बोलपत्रदाताले खरिद कारवाहीमा भाग लिन अयोग्य नभएको प्रस्तावित खरिद कारवाहीमा आफ्नो स्वार्थ नवाझिएको र सम्वन्धित पेशा वा व्यवसाय सम्वन्धी कसुरमा आफूले सजाय नपाएको भनी लिखित रुपमा गरेको घोषणाको सक्कल प्रति ।

३. बोलपत्र फारमको दस्तुर प्रत्येक ठेक्का नं.को लागी देहायममा उल्लेखित दस्तुर वुझाइ फर्म, संस्था वा कम्पनी दर्ताको प्रमाणपत्रको प्रमाणीत प्रतिलिपि, मू.अ.क.दर्ता प्रमाणपत्र, प्यान (PAN) प्रमाणपत्रको प्रमाणीत प्रतिलिपि र आ.व. २०७२।०७३ को कर चुक्ता प्रमाणपत्रको प्रमाणीत प्रतिलिपि समेत संलग्न गरी यस विभागवाट यो सूचना प्रथमपटक प्रकाशित भएको मितिले नियमित र राष्ट्रिय पुनःनिर्माण प्राधिकरणबाट स्वीकृत वार्षिक कार्यक्रमको लागि क्रमशः ३०औं र १५औं दिनसम्म कार्यालय समयभित्र खरिद गरी क्रमशः ३१औं र १६औं दिनको १२ वजे भित्र सिलवन्दी गरी यस विभागमा दाखिला गरि सक्नुपर्नेछ ।

४. बोलपत्रमा आइटमवाइज दर रेट अंक र अक्षर दुवैमा लेखिएको हुनु पर्नेछ । अंक र अक्षरमा फरक परेमा अक्षरमा लेखिएकोलाई मान्यता दिइने छ ।

५. बोलपत्रको मान्यअवधी दाखिला हुने अन्तिम मितिबाट ९० दिनको हुनेछ । बोलपत्रदाताले बोलपत्रसाथ तल उल्लेखित गरिएको रकममा नघटाई नगद वा क वर्गको मान्यता प्राप्त वैकवाट बोलपत्रको मान्य अवधि भन्दा कम्तिमा ३० दिन वढी अवधि(अन्तिम मितिबाट घटीमा १२० दिनसम्म मान्य हुने) को यस विभागको नाममा जारी गरेको वैंक ग्यारेण्डी (विड वण्ड) को सक्कल प्रति पेश गर्नु पर्नेछ । नगद जमानतको लागि ने.रा.वैंक, थापाथली स्थित को.ले.नि.का., थापाथलीको एकल धरौटी खाता नं. १२०१२००००१००२५२४, कार्यालय कोड नं.२७-३२५-१२ मा जम्मा गरेको सक्कल भौचर पेश गर्नु पर्नेछ ।

६. पेश हुन आएका बोलपत्र दाखिला गर्ने अन्तिम दिनको २:०० वजे बोलपत्रदाता वा निजको प्रतिनिधिको रोहवरमा यस विभागमा खोलिने छ । बोलपत्रदाता उपस्थित नभए पनि बोलपत्र खोल्न वाधा पर्ने छैन ।

७. एक फर्मको नाममा खरिद गरिएको बोलपत्र फाराम अर्को फर्मको नामवाट दाखिला गर्न पाईने छैन ।

८. सूचनाको दफा २ वमोजिमका कागजातहरु नभएको, रीत नपुगेको, म्याद नाघी प्राप्त भएको, कुनै शर्त राखेको, दस्तखत, छाप नभएको बोलपत्र उपर कारवाही हुने छैन ।

९. बोलपत्र खरिद गर्ने, दाखिला गर्ने र खोल्ने अन्तिम दिन सार्वजनिक विदा परेमा सो लगतै कार्यालय खुलेको दिन क्रमश : सोही समयमा हुनेछ ।

१०. बोलपत्र स्वीकृत गर्ने वा नगर्ने सम्पूर्ण अधिकार यस विभागमा सुरक्षित रहनेछ । साथै बोलपत्रको सूचनामा कुनै संशोधन वा परिवर्तन भएमा यस विभागको सूचनापाटीमा टाँस गरिने छ ।

११. यो सूचनामा उल्लेख गरिए वाहेक अन्य कुराहरु सार्वजनिक खरिद ऐन, २०६३ र सार्वजनिक खरिद नियमावली, २०६४ तथा अन्य प्रचलित कानून अनुसार हुनेछ ।

## १२ <u>E-bidding</u>

   क. E-bidding गर्ने बोलपत्रदाताहरुले यस विभागलाई सार्वजनिक खरिद अनुगमन कार्यालयवाट उपलब्ध भएको भवन निर्माण सम्वन्धी E-bidding को अन्तरिम Portal प्रयोग गर्नु पर्नेछ । उक्त web मा login गरी प्राप्त निर्देशन अनुसार इच्छुक बोलपत्रदाताहरुले निम्न बोलपत्रमा भाग लिन सक्नेछन् ।
   ख. बोलपत्र साथ पेश गर्नु पर्ने कागजातहरु E-bidding Portal www.bolpatra.gov.np मा Scanned Copy Upload गर्नु पर्नेछ । यसरी सहभागी हुने वोलपत्रदाताहरुले बोलपत्र फारम दस्तुर वापतको को.ले.नि.का. थापाथलीको नेपाल राष्ट्र वैंक स्थित (रा.वा.बैंक टेकु शाखामा वुझाउने) राजस्व खाता नं. क-१-१-९९९ राजश्व शिर्षक १४२२७ कार्यालय कोड नं. २७-३२५-१२ मा जम्मा गरेको वैंक भौचरको Scanned Copy Upload गर्नूपर्ने छ ।
   ग. E-submission गर्ने बोलपत्रदाताहरुले बोलपत्र दर्ता गर्ने अन्तिम दिनको १२:०० बजे भित्र PDF Format मा Upload गरिसक्नु पर्नेछ । Upload भएका बोलपत्रहरु सोही दिनको २:०० वजे खोलिनेछ ।

घ. निर्माण व्यवसायीले E-bidding मार्फत पेश गरेको बोलपत्र खोल्ने समयमा निजको ई-बिड दर्ता भएको नदेखिएमा वा Upload गरिएका फाईल Unreadable Format वा Corrupted भएमा मुल्याङकनमा समावेश गरिने छैन ।

ङ. E-bidding गर्ने निर्माण व्यवसायीहरुले बोलपत्र खोलेको मितिले सातौं दिन दिनको २:०० बजे भित्रमा बोलपत्र जमानत, बोलपत्र खरिद बापतको बैंक भौचरको सक्कलै प्रति तथा आवश्यक सम्पूर्ण Document हरुको Hard copy सक्कलै वा Notary Public बाट प्रमाणित कागजात अनिर्वाय पेश गर्नु पर्नेछ । अन्यथा मुल्याङ्कनमा समावेश गरिने छैन ।

च. बोलपत्रदाताहरुको Pre bid meeting सूचना प्रकाशित मितिले १० औं दिन दिनको २:०० बजे हुनेछ ।

| **सि. नं** | **ठेक्का नं.** | **कामको विवरण** | **बोलपत्र जमानत रकम** | **फारम दस्तुर** | **वोलपत्र खरिद गर्ने अन्तिम दिन** | **वोलपत्र दाखिला गर्ने अन्तिम दिन** |
|---|---|---|---|---|---|---|
| १ | ८/०७३/०७४ | विन्ध्यावासिनी मन्दिर परिसरमा रहेको मालअड्डाको बाँकी कार्य गर्ने, पोखरा, कास्की | १,७४,०००/- | ३,०००/- | ३०औं दिन | ३१औं दिन |
| २ | PDRF-१४/०७३/०७४ | ब्रम्हेश्वर मन्दिर संरक्षण गर्ने कार्य, कविलास, नुवाकोट | २,६३,५००/- | ३,०००/- | १५औं दिन | १६औं दिन |
| ३ | PDRF-१५/०७३/०७४ | नगदेशस्थित गणेश मन्दिर तथा सत्तल जिर्णोद्धार गर्ने कार्य, भक्तपुर | १,९०,०००/- | ३,०००/- | १५औं दिन | १६औं दिन |
| ४ | PDRF-१६/०७३/०७४ | पिलाँछे टोलमा रहेको गणेश मन्दिर पुनःनिर्माण गर्ने कार्य, ललितपुर | ४,१३,५००/- | ३,०००/- | १५औं दिन | १६औं दिन |
| ५ | PDRF-१७/०७३/०७४ | गोरखनाथ सँगैको शिवालय (तीन शिवालय) संरक्षण गर्ने कार्य, त्रिपुरेश्वर । | ३,८८,५००/- | ३,०००/- | १५औं दिन | १६औं दिन |
| ६ | PDRF-१८/०७३/०७४ | त्रिपुरा सुन्दर मन्दिर जिर्णोद्धार गर्ने कार्य, टौथली, सिन्धुपाल्चोक | ११,१३,०००/- | ३,०००/- | १५औं दिन | १६औं दिन |